**अनुसूची २**

(दफा ४ तथा अनसूची-२ को भाग-२ सँग सम्बन्धित)

# धवलागिरी गाउँपालिका

# स्थानिय राजपत्र

**खण्ड ४** **संख्या ०५** **मितिः २०७९/१२/३० गते**

## भाग २

**<u>करारमा शिक्षक नियुक्ति सम्बन्धी कार्यविधी (पहिलो संशोधन) – २०७८</u>**

**धवलागिरी गाउँपालिका**

**को**

**करार शिक्षक नियुक्ति कार्यविधी – २०७८**

**गाउँ कार्यपालिकाबाट स्विकृत मिति : २०७८ भाद्र ४ गते**

**पहिलो संशोधन मिति : २०७९/१२/३० गते**

**पहिलो संशोधन राजपत्रमा प्रकाशित मिति : २०८०/०१/१४ गते**

## करारमा शिक्षक नियुक्ति सम्बन्धी कार्यविधी – २०७८

सामुदायिक विद्यालयको करारमा (राहत समेत) शिक्षक नियुक्ति सम्बन्धी व्यवस्थालाई व्यवस्थित र मर्यादित बनाउन आवश्यक भएकोले धवलागिरी गाउँपालिका शिक्षा ऐन – २०७६ को दफा ५९ ले दिएको अधिकार प्रयोग गरि गाउँ कार्यपालिकाले यो कार्यविधी जारी गरेको छ।

**परिच्छेद १ – प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधीको नाम करारमा शिक्षक नियुक्ति सम्बन्धी कार्यविधी – २०७८ रहेको छ।

(२) यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा

क) "गाउँपालिका" भन्नाले धवलागिरी गाउँपालिकालाई सम्झनुपर्दछ।

ख) "ऐन" भन्नाले धवलागिरी गाउँपालिका शिक्षा ऐन, २०७६ सम्झनुपर्दछ।

ग) "प्रमुख" भन्नाले गाउँपालिका प्रमुखलाई सम्झनुपर्दछ।

घ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले गाउँ पालिकाका प्रमुख प्रशासकिय अधिकृत भन्ने सम्झनुपर्दछ।

ङ) "शाखा" भन्नाले शिक्षा, युवा तथा खेलकूद शाखालाई सम्झनुपर्दछ।

च) " शिक्षा अधिकृत" भन्नाले शाखा प्रमुखलाई सम्झनुपर्दछ।

छ) "कर्मचारी" भन्नाले शाखामा कार्यरत कर्मचारीलाई सम्झनुपर्दछ।

ज) "विद्यालय व्यवस्थापन समिति" भन्नाले ऐनको दफा १८ बमोजिमको गठन भएको समिति सम्झनुपर्दछ।

झ) "विशेषज्ञ" भन्नाले विशेषज्ञको नामावलीमा सूचिकृत भएको विशेषज्ञ सम्झनुपर्दछ।

**परिच्छेद २- पदपूर्ती र छनोट प्रक्रिया**

**३. पदपूर्ती समिति गठन :** (१) करारमा शिक्षक छनोट गरि नियुक्तिका लागि विद्यालय व्यवस्थापन समितिलाई सिफारिस गर्न एक शिक्षक छनोट समिति गठन गरिनेछ। शिक्षक छनोट समितिमा देहायबमोजिमका सदस्यहरु रहनेछन् :

क) सम्बन्धित विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सदस्य : संयोजक

ख) शाखा प्रमुख – सदस्य

ग) सम्बन्धित तह साथै निम्नमाध्यामिक तह माध्यामिक तहका लागि विषय मिल्ने विषय विशेषज्ञ २ जना - सदस्य

घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक – सदस्य सचिब

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि शिक्षकका लागि उम्मेदवारको संख्या ५ जना वा ५ जनाभन्दा कम भएको अवस्थामा विद्यालय व्यवस्थापन समितिले विषय विशेषज्ञ एक जना मात्र तोक्न सक्नेछ।

(३) शिक्षक छनोट गर्दा उपदफा (१) बमोजिमको समितिका सदस्य बाहेक शाखाको एक जना कर्मचारी पर्यवेक्षकको रुपमा आमन्त्रण गर्नुपर्नेछ।

**४. पदपूर्ती** : (१) सामुदायिक विद्यालयमा शिक्षक पद रिक्त भएमा विद्यलायले रिक्त भएको तह, श्रेणी र विषय खोली सात दिनभित्र विद्यालय व्यवस्थापन समितिको निर्णय सहित गाउँपालिकामा जानकारी दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम रिक्त पदमा विज्ञापनका लागि गाउँपालिकाले अनुमिति प्रदान गर्नुपर्दछ।

(३) पदपूर्ति अनुमति प्राप्त भएपछि विद्यालयले राष्ट्रिय दैनिक पत्रिकामा पन्ध्र दिनको विज्ञापनको सूचना प्रकाशित गर्नुपर्दछ।

(४) उपदफा (३) बमोजिमको पहिलो विज्ञापनमा कुनै पनि आवेदन नपरेको अवस्थामा पुन ७ दिनको विज्ञापन गर्नुपर्नेछ। दोश्रो विज्ञापन गर्दा गणित, विज्ञान र अंग्रेजी विषयका लागि मात्र अध्यापन अनुमति पत्र प्राप्त नगरेका व्यक्तिबाट समेत आवेदन गर्न सक्नेछन्। तर अध्यापन अनुमति प्राप्त व्यक्तिको समेत आवेदन परेको अवस्थामा अध्यापन अनुमति पत्र प्राप्त व्यक्तिलाई प्राथमिकता दिनुपर्नेछ।

(५) विज्ञापनको म्याद समाप्त भएपछि दफा ३(१) बमोजिमको शिक्षक छनोट समितले शिक्षक छनोट गरि करारमा शिक्षक नियुक्ति गर्न विद्यालय व्यवस्थापन समितलाई सिफारिस गर्नेछ।

**५. छनोट प्रक्रिया** : (१) करारमा शिक्षक छनोट गर्दा शिक्षक सेवा आयोगले सम्बन्धित तह र विषयका लागि निर्धारण गरेको पाठ्यक्रम अनुसार परीक्षा सञ्चालन गरिनेछ।

(२) लिखित परीक्षा र अन्तर्वार्ता समेतबाट उच्चतम अङ्क प्राप्त गर्ने उम्दवारलाई छनोट समितिले सफल उम्मेदवारको रुपमा करार नियुक्तिका लागि विद्यालय व्यवस्थापन समिति समक्ष सिफारिस गर्नेछ।

(३) शिक्षक छनोट गर्दा शिक्षक सेवा आयोगबाट तोके बमोजिमको संख्यामा बैकल्पिक उम्मेदवार छनोट गर्नुपर्नेछ।

(४) दफा ३(१) बमोजिम छनोट समितिमा विशेषज्ञ छनोट गर्दा गाउँपालिकामा सूचिकृत विषय विशेषज्ञ मध्येबाट परीक्षा संचालन हुने दिन बिहान छनोट समितिका अध्यक्ष, गाउँपालिका शिक्षा शाखा हेर्ने कर्मचारी र सदस्य सचिबको रोहवरमा गोला प्रथाद्वारा छनोट गर्नुपर्नेछ।

(५) उपदफा (१) बमोजिमको परीक्षाको संचालन गाउँपालिकाले तोकेको ठाउँमा संचालन गर्नु पर्नेछ।

**परिच्छेद ३ – विशेषज्ञसम्बन्धी व्यवस्था**

**६. विशेषज्ञ सूचिकरण प्रक्रिया** : (१) विशेषज्ञ हुन चाहने स्थायी शिक्षकले गाउँपालिकाले सूचना प्रकाशित गरि तोकेको अवधीभित्र निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन गर्दा निवेदन साथ संलग्न हुनुपर्ने कागजातहरु र निवेदन दस्तुर समेत तोकिनेछ।

(३) शाखाले उपदफा (१) र (२) बमोजिम निवेदन दिएका शिक्षकहरुको निवेदन छानविन गरी प्राथमिक, निम्नमाध्यामिक र माध्यामिक तहका लागि छुट्टा छुट्टै विशेषज्ञ सूची प्रकाशन गर्नेछ।

(४) उपदफा (२) बमोजिम सूचि प्रकाशन गर्दा निम्न माध्यामिक र माध्यामिक तहका लागि विषय समेत खुलाई प्रकाशन गर्नुपर्नेछ।

**७. विशेषज्ञको योग्यता** : (१) विशेषज्ञ हुन देहायको योग्यता हुनुपर्नेछ :

क) सम्बन्धित तहमा स्थायी सेवा अवधी तीन बर्ष पूरा भएको,

ख) प्राथमिक तहका लागि स्नातक वा सो सरह र तालिम प्राप्त,

ग) निम्न माध्यामिक तहका लागि सम्बन्धित विषयमा स्नातक वा सो सरह र तालिम प्राप्त,

घ) माध्यामिक तहका लागि स्नातकोत्तर वा सो सरह र तालिम प्राप्त,

(२) माथिल्लो तहको विशेषज्ञको योग्यता पुगेका शिक्षकहरुले तल्लो तहमा समेत विशेषज्ञ सूचिकृत हुन पाउनेछन्।

**८. विशेषज्ञ छनोट सम्बन्धी व्यवस्था** : (१) कुनै विषयमा कम्तीमा ३ जना विशेषज्ञ सूचिकृत नभएमा वा सूचिकृत विशेषज्ञ उपलब्ध नभएमा म्याग्दी जिल्ला भित्रका अन्य पालिकामा सूचिकृत विशेषज्ञको सूचिबाट समेत छनोट गर्ने सक्नेछ।

(२) उपदफा (१) बमोजिमका विशेषज्ञबाट गोलाप्रथाबाट छनोट समितिले विशेषज्ञ छनोट गर्नेछ।

(३) म्याग्दी जिल्लाभित्रका अन्य गाउँपालिका/नगरपालिकामा सूचिकृत विशेषज्ञको सूचि शाखाले माग गरि अभिलेख राख्नेछ।

**परिच्छेद ४ – करार नियुक्ति**

**९. करारमा शिक्षक नियुक्ति** : (१) यस कार्यविधी बमोजिम छनोट भएको शिक्षकको बढिमा छ महिनाका लागि व्यवस्थापन समितिको निर्णय अनुसार विद्यालयले करारमा नियुक्ति गर्नेछ।

(२) करार नियुक्ति भएका शिक्षकको अभिलेखका लागि फाइल खडा गरि १५ दिनभित्र गाउँपालिकामा पेश गर्नुपर्नेछ।

(३) विद्यालयले करारमा शिक्षक नियुक्ति गरेको जानकारी अभिलेख हस्तान्तरण नहुँदासम्म शिक्षा विकास तथा समन्वय इकाइ, म्याग्दीमा समेत दिनुपर्नेछ।

(४) करारमा नियुक्ति गरेको शिक्षकको कार्यसम्पादन सन्तोषजनक नभएमा प्रधानाध्यापकको सिफारिसमा विद्यालय व्यवस्थापन समितले स्पस्टीकरण माग्न सक्नेछ। स्पस्टीकरण चित्त नबुझेमा जुनसुकै बेला करार रद्ध गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम करार रद्ध गरिएको जानकारी सात दिनभित्र गाउँपालिकामा दिनुपर्नेछ।

**१०. बैकल्पिक उम्मेदवारले नियुक्ति पाउने** : (१) सफल उम्मेदवारले सिफारिस भएको मितिले सात दिनभित्र करार नियुक्ति लिई विद्यालयमा हाजिर हुनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सफल उम्दवारले करार नियुक्ति नलिएमा वा नियुक्ति लिई हाजिरी नभएमा वा +अन्य कुनै कारणले छ महिनाभित्र सो पद रिक्त भएमा व्यवस्थापन समितिले वैकल्पिक सूचिमा रहेका उम्मेदवारलाई योग्यताक्रमानुसार नियुक्ति गर्न सक्नेछ।

**११. स्वयंसेवक शिक्षक सम्बन्धी व्यवस्था** : (१) शिक्षकले प्रसुति विदा वा अन्य १ महिना भन्दा लामो विदा लिएको वा कार्यरत शिक्षक अशक्त भएमा कार्यरत शिक्षकको सट्टामा विद्यालयको पठनपाठनमा सहज हुने गरि विद्यालय व्यवस्थापन समितिले स्वयंसेवक शिक्षक छनोट गरि पठनपाठनको व्यवस्था मिलाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम छनोट भएको शिक्षकको सेवा, सुविधा विद्यालय व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ। तर त्यस्तो शिक्षकको पारिश्रमिक सम्बन्धित तहको न्युनतम तलब भन्दा बढी र नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक भन्दा कम हुनेछैन।

(३) उपदफा (१) बमोजिम शिक्षकको पारिश्रमिकको व्यवस्था विद्यालयलेनै व्यवस्था गर्नुपर्नेछ।

+ पहिलो संशोधनबाट थप गरिएको

**१२. उजुरी सम्बन्धी व्यवस्था** : (१)करारमा शिक्षक नियुक्ति सम्बन्धी विषयमा चित्त नबुझेमा उम्दवारले गाउँपालिकामा कारण र आधार सहित ३५ दिन भित्र उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त उजुरीमा छानविन गर्न देहाय बमोजिम एक उजुरी छानविन समिति रहनेछ :

क) प्रमुख प्रशासकिय अधिकृत : संयोजक

ख) शाखा प्रमुख : सदस्य

ग) प्रमुख प्रशासकिय अधिकृतले तोकेको शाखामा कार्यरत कर्मचारी : सदस्य सचिब

(३) उपदफा (२) बमोजिमको समितिले उजुरी उपर छानविन गरी आवश्यक निर्णय गर्नेछ ।

**परिच्छेद ५ – विविध**

**१३. पारिश्रमिक सम्बन्धि व्यवस्था** : छनोट समिति साथै पर्यवेक्षकको रुपमा रहने सदस्यहरुको पारिश्रमिक विद्यालय व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ ।

**१४. यस कार्यविधी बमोजिम हुने** : यस कार्यविधीमा लेखिएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ । यस भन्दा पहिला भएका कामहरु पनि यसै कार्य विधीबमोजिम भएको मानिनेछ ।

**१५. कार्यविधीको व्याख्या** : यो कार्यविधीको व्याख्या गाउँ कार्यपालिकाले गरे बमोजिम हुनेछ ।

**आज्ञाले**

**ध्रुब रिजाल**

**प्रमुख प्रशासकीय अधिकृत**